bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

विजयादशमीको पावन अवसरमा हाम्रा समस्त पाठक, ग्राहक महानुभाव, विज्ञापनदाता एवं शुभचिन्तकहरूमा सु-स्वास्थ, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि. परिवार

वर्ष ३९ अंक १७१ | २०७७ कात्तिक ०७ गते शुक्रबार, नेपाल सम्वत् ११४० October 23, 2020 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# बडादशैं पर्व सुरु भएसंगै तनहुँमा कोरोना संक्रमितको संख्या पनि बढ्दै

## दुई दिने बालक सहित १० जना नयाँ संक्रमित थपिए, एकको मृत्यु

♦ **नारायण खड्का** (दमौली)

हाम्रो घर आँगनमा अहिले बडादशैं पर्व भित्रिएको छ । अघिल्ला वर्ष यो पर्वका अवसरमा चहलपहल र उल्लासपूर्ण वातावरण बन्थ्यो । तर, अहिले बडादशैं पर्वको उल्लासपूर्ण वातावरण भन्दा पनि कोरोना भाइरस संक्रमणको त्रास बढेको छ । तनहुँमा पछिल्लो केही दिन यता दैनिक जसो कोरोना भाइरस संक्रमितको संख्या वृद्धि हुँदै गएको छ । दैनिक १० जना भन्दा बढिमा संक्रमण देखिन थालेपछि चाडपर्वको रौनक्ता भन्दा पनि भाइरस संक्रमणको त्रासले सर्वसाधारणको दैनिकी बिथोलिएको छ ।

तनहुँको सदरमुकाम दमौली बजार क्षेत्रमा अहिले कोरोना भाइरस संक्रमितको संख्या दैनिक बढ्दै गएको छ । लकडाउन हटेर सबै क्षेत्र खुल्ला भएसंगै जिल्लाका बजार क्षेत्रमा संक्रमितको संख्या वृद्धि हुन पुगेको हो । बजार क्षेत्रमा देखिएको भाइरस संक्रमण चाडपर्व भित्रिएसंगै ग्रामीण क्षेत्रमा फैलने पो होकि भन्ने खतरा पनि बढ्दो छ । रोजगारी, व्यापार, व्यवसाय, अध्ययन लगायतका काम विशेषले बजार क्षेत्रमा बसेका व्यक्तिहरू चाडपर्व मनाउनका लागि आ-आफ्नो गाउँघर तर्फ जाँदा स्वास्थ्य सुरक्षामा ध्यान दिन स्थानीय पालिका तथा प्रशासनले सचेत गराउँदै पनि आएका छन् ।

चाडपर्वको समयमा लापारवाही भयो भने ग्रामीण क्षेत्रमा संक्रमण फैलने र विशेष गरी ग्रामीण क्षेत्रमा बसोवास गर्दै आएका वृद्धवृद्धा यसबाट बढि प्रभावित हुने जोखिम बढेको छ । जिल्ला बाहिरबाट आउनेलाई सावधानी र सतर्कता अपनाउन तथा सबैलाई स्वास्थ्य सामाग्रिको प्रयोग र मापदण्ड पालना गर्न आग्रह गरिएको व्यास नगरपालिकाका नगरप्रमुख बैकुण्ठ न्यौपाने बताउँछन् ।

नगरप्रमुख न्यौपानले भने, 'जिल्लाबाहिरबाट आउनुहुने सबैलाई सुरक्षित रूपमा होमक्वारेन्टिनमा बस्न आग्रह गरेका छौ । यदि घरमा सुरक्षित रूपमा बस्न नमिल्ने अवस्था छ भने नगरपालिकाले तयार गरेको क्वारिन्टिनमा आएर बसिदिनुस भनेका छौ र आवश्यक सबै तयारी पनि गरेका छौ ।'

यस्तै, जाने बुझ्केकै व्यक्तिहरूले लापरवाहीपूर्ण व्यवहार गर्दा पछिल्लो समय दैनिक संक्रमितको संख्या बढ्दै गएको व्यास नगरपालिकाका जनस्वास्थ्य अधिकृत प्रमोद सोती बताउँछन् । मास्कको सहि रूपमा प्रयोग नगर्ने, व्यापार व्यवसाय, बैंक तथा वित्तिय क्षेत्रमा सामाजिक र भौतिक दुरी कायम नगरी भिडभाड गर्ने, संक्रमितको सम्पर्कमा रहेका व्यक्तिको नमुना संकलन गरी सुरक्षित भएर बस्न आग्रह गरिएपनि ती व्यक्तिहरू रिपोर्ट नआउँदै समुदायमा घुलमिल भइदिंदा संक्रमितको संख्या वृद्धि भएको जनस्वास्थ्य अधिकृत सोती बताउँछन् ।

कोभिड-१९ को जोखिम कायमै रहेको जनाउँदै जिल्ला प्रशासन कार्यालय तनहुँले चाडपर्व लक्षित निषेधाज्ञा पनि जारी गरेको छ । चाडपर्वमा संक्रमण फैलिन सक्ने भएकाले स्थानीय प्रशासनले चाडपर्वलाई लक्षित गरी जिल्लाभित्र कुनै प्रकारका मेला, जात्रा, महोत्सव तथा अनावश्यक भीडभाड र जमघट गर्न निषेध गरेको छ ।



दशैंपर्व नजिकिएसंगै तनहुँको दमौली स्थित भोर्लेटारचोकमा देखिएको भिडभाड । यहाँबाट तनहुँ र लमजुङका ग्रामीण क्षेत्रमा सवारी साधान आउनेजाने गर्छन ।
*तस्विर : निशा थापा मगर/भञ्ज्याङ*

प्रशासनले चाडपर्व मनाउँदा सकभर जो जहाँ रहेका छौ सोही ठाउँमा र परिवारका सदस्यहरू बीच मात्र चाडपर्व मनाउन, पूजापाठलाई घरघरमै सीमित गर्न अनुरोध गरिएको प्रमुख जिल्ला अधिकारी सागार आचार्यले बताए । उनले भने, 'मन्दिर र तीर्थस्थलहरूमा पुजारीबाट मात्र नित्य पूजापाठ गराउने बाहेक मठमन्दिर खुल्ला नगर्न र त्यसको निग्रानीका लागि सबै स्थानीय तहलाई अनुरोध गरिएको छ ।'

कोरोना भाइरसको जोखिमबाट आफू बच्दै अरूलाई पनि बचाउनु सबैको कर्तव्य भएकाले चाडपर्वमा अनावश्यक यात्रा नगर्न जिल्लाका १० वटै पालिकाले सचेत गराउँदै आएका छन् । जमघट, चियापान तथा शुभकामना आदानप्रदान नगर्न, जुवातास लगायत कानूनले निषेधत गरेको कार्य नगर्न, बिदाको

बाँकी अन्तिम पेजमा

# झापुटारको खानेपानी समस्या समाधान

♦ **भञ्ज्याङ समाचारदाता** (दमौली)

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा खानेपानीको समस्या हटेको छ । विगत दुई महिनादेखि एक सय १४० मेगावट क्षमताको तनहुँ जलविद्युत् आयोजनाका मुख्य प्रभावित क्षेत्रको रूपमा रहेको झापुटार र बेलटारका बासिन्दाले खानेपानीको अभावमा चर्को समस्या भोग्दै आएका थिए। तनहुँ जलविद्युत् आयोजनाको सक्रियतामा अवरूद्ध हुँदै आएको खानेपानी सञ्चालनमा गरिएको हो ।

तनहुँ जलविद्युत् आयोजनाको सुरूङ निर्माणको क्रममा पाइपमा क्षति पुगेपछि खानेपानीको समस्या झेल्दै आएका झापुटारवासी मंगलबारदेखि भने खुशी भएका छन् । लामो समयपछि धारामा पानी आउँदा खुशी लागेको स्थानीय कालीमाया थापाले बताए। "करिब 'एक/डेढ घण्टा लगाएर पाटन, बन्चरेलगायत स्थानमा पुगेर पानी लिन जानु पर्ने बाध्यता थियो", उनले भने, "दशैंमा पानीको जोहो गर्न गाह्रो हुन्छ कि भन्ने लागेको थियो, तर धारामा पानी आएसँगै खुशी लागेको छ ।"

आयोजनाले अवरूद्ध बनेको खानेपानी सञ्चालन गरिदिएपछि स्थानीयवासीमा खुशीको सीमा रहेको छैन । विगत लामो समयदेखि धारामा पानी नआउँदा यसपालिको दशैंमा पानी बोकेरै जाने भयो भन्ने सोचेकी थिएँ तर धारामा पानी आएपछि त्यो चिन्ता हटेको अर्का स्थानीय रेखा सिञ्जाली मगरले बताइन् ।

झापुटारमा निर्माणाधीन आयोजनाले सुरूङ निर्माणका लागि माटो परीक्षण गर्ने क्रममा खानेपानीको मुहान र पाइपमा क्षति पुग्दा खानेपानी अवरूद्ध भएको थियो। यसबाट करिब ५०० घरधुरीले खानेपानीको समस्या भोग्दै आएका थिए। "बस्तीदेखि करिब दुई किलोमिटर दूरीमा पर्ने मुर्कुलुङ खानीडाँडाबाट ल्याइएको पानीको करिब २०० मिटर पाइपमा क्षति हुँदा स्थानीयवासीले खानेपानीको समस्या भोग्नुपरेको जीविकोपार्जन विज्ञ दीपेन्द्र शाहीले बताए ।

"खानेपानीको समस्या भएपछि आयोजनाले स्थानीयवासीलाई ट्याङ्करको माध्यमबाट पानी वितरण गरे पनि पर्याप्त मात्रामा पुऱ्याउन सकेका थिएनौं", उनलेभने, "निरन्तर प्रयासका कारण दशैं अगावै प्रभावित क्षेत्रका झापुटार र बेलटारवासीको खानेपानी समस्या समाधान गर्न सफल भएका छौं ।"

आयोजनालाई पटक-पटक स्थानीयवासीले खानेपानी समस्याका बारेमा दबाब दिएपछि धारामा पानी आएको बेलटार बच्याङ गौडा सामुदायिक वन उपभोक्ता समितिका उपाध्यक्ष केशरबहादुर थापाले बताए । "हामीले आयोजनासमक्ष धेरै माग राखेका छौं", उनले भने, "हाम्रा माग क्रमशः पूरा नभए आन्दोलन गर्न पछि हट्ने छैनौं ।" आयोजना प्रभावित क्षेत्रका बासिन्दाले राखेका माग जायज रहेको आयोजनाका उपनिर्देशक तुलसीप्रसाद सापकोटाले बताए । एकैचोटी धेरै माग राखेको हुँदा प्राथामिकताको आधारमा पूरा गर्दै जाने उनले बताए ।

# विद्यार्थीलाई छात्रवृत्ति

♦ **भञ्ज्याङ समाचारदाता** (दमौली)

शिक्षा विकास तथा समन्वय इकाइले ४६ विद्यार्थीलाई वैदेशिक रोजगार तथा द्वन्द्व पीडित छात्रवृत्ति प्रदान गरेको छ । एकाइले नर्सरीदेखि कक्षा १२ सम्म अध्ययन गर्ने १८ वर्ष ननाघेका विद्यार्थीलाई उक्त छात्रवृत्ति प्रदान गरेको हो । सशस्त्र द्वन्द्वबाट पीडित, वैदेशिक रोजगारका क्रममा मृत्यु तथा अशक्त भएका अभिभावकका सन्ततिलाई छात्रवृत्ति प्रदान गरिएको एकाइका प्रमुख रमाकान्त शर्माले बताए ।

वैदेशिक रोजगार छात्रवृत्ति ४० र द्वन्द्व पीडित छ गरी ४६ विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको हो । "कक्षा १ देखि १२ सम्मका विद्यार्थीलाई वार्षिक रू आठ हजार र ९ देखि कक्षा १२ सम्मका लागि वार्षिक रू १२ हजार छात्रवृत्ति वितरण गरिएको हो", उनले बताए । वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका तथा अशक्त भएका व्यक्तिका सन्ततिलाई स्थानीय तहको सिफारिसको आधारमा छात्रवृत्ति प्रदान गरिएको एकाइ प्रमुख शर्माले बताए ।




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६०९०७

तपाईको शहर डुम्रेमा




प्रो. क्रमश श्रेष्ठ
खड्गमाई मोटर्स
बन्दीपुर-१, डुम्रे, तनहुँ । फोन : ०६५-५८०२५९ ९८४३३५३९१६

www.bhanjyangnews.com

एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक बिक्रेता




सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला ।

प्रो. श्याम मौरती
व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ
फोन : ०६५-५६२६८७, ९८५६०६०३४७

ग्रिनरी भानु सप्लायर्स

# सम्पादकीय..........

## बडादशैंको शुभकामना

धार्मिक, साँस्कृतिक आस्थाले भरिपूर्ण र माहान पर्व बडादशैं हाम्रो घरआँगनमा भित्रिएको छ । बडादशैंको सातौ दिन आज फूलपाती । बिगतका वर्षहरूमा यस पर्वले छुट्टै रौनकता र चहपहल ल्याउँथ्यो । तर, यस वर्ष त्यस्तो हुन सकेको छैन । विगत आठ महिनादेखि कोरोना कहरको चपेटामा परेको मुलुक अझै त्यसबाट मुक्त हुन सकेको छैन । अहिले पनि दैनिक कोरोना भाइरसबाट संक्रमित हुने र संक्रमण पश्चात निधन हुनेको संख्या बढ्दै गइरहेको छ । यस्तो विषम् परिस्थितिमा हाम्रा ठूला चाडपर्वहरू नजिकिएका छन् । यी चाडपर्व मनाउन बिगतको जस्ता सहज पक्कै पनि छैन । तर, पनि हामी हाम्रो परम्परा, रितिरिवाजलाई जोगाई राख्न पनि तल्लिन छौ । यस वर्षको वडादशैंको मुख्य दिन कात्तिक १० गते विजय दशमीको टिकाको शुभसाइत परेको छ । हाम्रो समाजमा यस पर्वको महत्व हिजो पनि थियो, आज पनि छ र भोली पनि रहनेछ । तर, बदलिएको समयसंगै चाडपर्वको महत्व पनि परिस्थिति अनुकुल मान्ने र मनाउने कुरा स्वभाविक मान्नु पर्नेछ । केही वर्ष अगाडिसम्म यतायातको सुविधा सर्वत्र पुग्न सकेको थिएन । अहिले त्यो सुविधा हिमाल, पहाड र तराईका भित्री बस्तिसम्म पुगेको छ । अहिले यो पर्व मनाउन यीनै यातायातका साधान प्रयोग गरी शहरबाट ग्रामीण क्षेत्रमा प्रवेश गर्ने क्रमपनि बढ्दै गएको छ । बिगतका वर्षजस्तो यस वर्ष चाडपर्व मनाउन सहज छैन । शहर बजार क्षेत्रमा फैलिएको कोरोना संक्रमण चाडपर्व मनाउने क्रममा हामी आफ्ना मान्यजन तथा गाउँबस्तिमा पुग्दै गर्दा कोसेलीका रूपमा कोरोना घरघरमा पुग्ने खतरा बढेको छ ।

दशैं पर्वमा राम्रो कपडा लगाउने, मिठो खाने, परिवारका सदस्यहरू भेला भएर मान्यजनको हातबाट टिका र जमरा थापेर आशिस लिने प्रचलन महत्वपूर्ण रहदै आएको छ । अहिले आएर यातायता र संचारको सुविधाले जो जहाँ भएपनि एकैछिनमा वा छिनछिनमा हुने सम्बादको सुविधाले कस्ले कसरी कुन सन्दर्भलाई प्रमुखता दिएर चाड मनाउदै छ भन्ने कुरा सहज रूपमा अवगत हुन सक्छ । बिगतमा भन्दा अहिले आएर यातायातको सुविधाले दशैंसंगै नयाँ नयाँ ठाउँमा घुमफिर गर्ने पनि चल बढेर गएको छ। साथसाथै नेपाली समाजमा अहिलेपनि युवा जमात बेरोजगारी समस्याले विदेशीनु पर्ने भएकोले विदेशमा रहेकाहरू सकेसम्म चाड मनाउन घर फर्किने चाहना हुँदाहुँदै पनि सबैलाई त्यो चाहना पुरा नहुन पनि सक्छ । नेपाल परम्परादेखि नै सामनतवादी शासनको जाँतोमा पिल्सिदै आएको तितो यथार्थ सबैमा जगजायर छ । त्यो सामन्ति प्रथा उन्मुलनका लागि धेरै लामो संघर्षको पृष्ठभूमी छ । मुलुकमा आज सार्वभौमा नगरीकले शासन गर्ने परिपाटिको थालनी भएको छ । अहिले केन्द्र, प्रदेश र स्थानीय तहमा जनप्रतिनिधिहरू छन् । शिंहदरबारको अधिकार गाउँगाउँमा पुगेको सपना बाडिए पनि त्यो सपनाले साकार रूप पाउन सकेको छैन । यो कोरोना कहरको सन्दर्भमा तीनवटै सरकारका निकायले गरेको काम प्रति नागरिकको असन्तुष्टि बढ्दै गएको छ । यस अर्थमा विजया दशमी पर्वले कोरोना कहरबाट मुक्त गरी सम्मृद्धिको यात्रामा अगाडी बढ्न मार्ग प्रसस्त गर्ने आशा र विश्वास गरौं । बाँची बसे चाडपर्व अर्को वर्ष पनि मनाउन पाइन्छ त्यसैले यस वर्ष चाडपर्वको उत्साह भन्दा पनि के कसरी कोरोना संक्रमणबाट सुरक्षित हुन सकिन्छ, आफ्ना वृद्ध अभिभावक, मान्यजनलाई कसरी सुरक्षित गर्न सकिन्छ ? त्यस तर्फ बढि ध्यान पुर्‍यौं । धार्मिक, साँस्कृतिक महत्व बोकेको पर्व विजया दशमीले सबैलाई सकरात्मक सोचको विकास गर्दै समृद्धि तर्फ उन्मुख हुन उत्प्रेरणा मिलोस । हाम्रो शुभकामना ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल, दमैली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# दोहोरो मारमा पारिवारिक निजी वन किसान

♦ प्रकाश अधिकारी

सुर्खेतको लेकवेशी नगरपालिका १० बडीपाटीका भरतराज शर्माको निजी स्वामित्वमा रहेको करिब डेढ बिगाहा जग्गामा वन क्षेत्र फैलिएको छ । वर्षौंदेखि संरक्षण गर्दै आएको वनमा शर्मा परिवारले लाभ लिन पाएको छैन। "वृक्षरोपण गर्ने, संरक्षण गर्ने काम गर्दै आएका छौं, तर हामीले रूख काट्न पाउँदैनौं," उहाँले भन्नुभयो, "आफ्नै बारीको रूख काट्न डराउनुपर्ने, मुद्दामामिला भोग्नुपर्ने अवस्था छ, हामी दोहोरो मारमा छौं ।" बडीपाटीकै जनकराज शर्माको आफ्नै दुई बिगाहा जति क्षेत्रफलमा साल, सिसौ, काप्रो, साजलगायतका मूल्यवान रूखका साथै आँपको बगैंचा छ । तर उहाँले पनि मूल्यवान वनपैदावरको उपयोग गर्न पाउनु भएको छैन । "आफ्नै बारीमा लाखौंको स्रोत छ, उपयोग गर्न पाइँदैन्," उहाँले दुखेसो पोख्नुभयो, "न काटेर खेतीबाली लगाउन पाइएको छ नत वन स्रोतको उपयोग गरेर आयआर्जन गर्न पाइएको छ ।" घर आँगनको रूख विरूवालाई उपयोग गर्न नपाउँदा सडेर खेर गइरहेको उहाँको गुनासो छ ।

लेकबेसीका भरत र जनकमात्र होइन कर्णालीका अधिकांश किसानहरु आफ्नै बारीमा आफैंले वर्षौंदेखि संरक्षण गर्दै आएको वनजन्य स्रोतलाई उपयोग गर्न पाएका छैनन् । आफ्नो निजी जग्गाभित्रको वनसमेत उपयोग गर्न नपाउँदा किसानहरु मर्कामा परेका हुन् । निजी स्वामित्वको अर्थात् पारिवारिक वनमा पनि वन कर्मचारीले अनावश्यक त्रास फैलाउने, दण्ड जरिवानाको सिफारिस गर्ने गरेको वन किसानहरु बताउँछन् ।

दैलेखको भगवतीमाई गाउँपालिका–१ कुम्रीका नरेन्द्र केसीको पीडा पनि उस्तै छ । उहाँको बारीमा वर्षेनी रूखहरु सडेर खेर गइरहेका हुन्छन् तर त्यसलाई काठको रूपमा प्रयोग गर्नबाट उहाँ वञ्चित हुनुहुन्छ । "पारिवारिक वनबाटै लाभ लिन सकेका छैनौं, आफ्नै बारी भएकाले हुर्काउन, संरक्षण गर्न र वृक्षरोपण गर्न मन लाग्छ त्यसबाट आर्थिक लाभ लिन पाउँदैनौक", केसी भन्नुहुन्छ, "कतिपयले लुकीछिपी बेचविखन गर्नुहुन्छ, त्योभन्दा खुला अनुमति दिएको भए सरकार र परिवार दुवैलाई आर्थिक फाइदा त हुन्थ्यो।" पारिवारिक निजी वनबाट राज्य र सम्बन्धित परिवार/समुदाय दुवैले फाइदा लिन सक्छन्। व्यक्तिको आयआर्जनको भरपर्दो माध्यम बन्न सक्छ, र वैधानिक कारोबार गर्न सके राजस्व पनि संकलन हुन्छ । उहाँ भन्नुहुन्छ, "यसबाट राज्यलाई पनि आम्दानी, समुदायको गरिबी निवारणमा टेवा पुग्न सक्छ, वन्यस्रोतमा रहेर किसानले धेरै फाइदा लिन सक्छन् ।"

राज्यले पारिवारिक निजी वनलाई सम्बोधन गर्न नसक्दा त्यस्ता वन्यस्रोत विनाश गर्ने क्रम बढेको पाइएको छ । लुकीछिपी रूख काटेर खेतीबाली गर्ने क्रम बढेको छ । त्यही ठाउँमा रूख भयो भने किसानले काट्न पाउँदैन तर अन्नबाली लगायो भने आफूले उपभोग गर्न र बेचेविखन गर्न पाउँछ त्यही भएर वन विनाश हुँदै गइरहेको छ । पारिवारिक निजी वनका मुद्दालाई सम्बोधन नगर्दा रूख मासेर खेतीबाली गर्ने चलन बढेको छ। बारीको डिलको रूख काट्न पाइँदैन तर त्यहीं खेतीबाली लगायो भने किसान आफूले उपभोगदेखि विक्री गर्नसम्म पाउँछन् । पारिवारिक निजी वन किसानले आफ्नो खेतबारीका डिलमा भएका रूखहरु विक्री वितरण गरी जीविकोपार्जनमा टेवा पुग्ने गरी नीतिको माग गर्दै आएका छन् ।

व्यक्तिको निजी जग्गामा संरक्षण गरेका वनपैदावरलाई अन्नबाली सरह बेच्न पाउने र त्यसको सहज बजारसम्म पहुँचको व्यवस्था गर्नुपर्ने माग छ ।

पारिवारिक निजी वन संघ नेपाल (एफोन) कर्णाली प्रदेशका सचिव बिन्दुलाल रेग्मी राज्यले वन किसानहरूलाई उद्यमशीलतातर्फ उन्मुख हुन अभिप्रेरित गराउनुपर्ने विचार व्यक्त गर्नुहुन्छ । "एघार प्रतिशत भूभाग ओगटेको र ३२ प्रतिशत नेपाली बजारमा बढी काठ आपूर्ति गरिरहेको क्षेत्र सरकारको प्राथमिकतामा नपर्नु दुखद् हो," उहाँ भन्नुहुन्छ, "पारिवारीक निजी वनलाई सम्बोधन गर्न सके राज्य र समुदाय दुवैलाई फाइदा हुन्छ ।" उहाँको बुझाइमा यसबाट आयआर्जन मात्र नभई स्वयं किसान वन, वातावरण तथा जैविक विविधताको संरक्षणमा जवाफदेही बन्ने परिस्थिति सिर्जना हुन्छ । किसानले आफ्नै बारीको वनपैदावरलाई उपयोग गर्न नपाउँदा वन विनाश बढ्दो छ । वन विनाश रोक्नलाई पारिवारिक निजी वन किसानका समस्या समाधान गर्नुपर्ने रेग्मी बताउनुहुन्छ ।

कर्णालीमा चार वर्षदेखि पारिवारिक निजी वन किसानहरु संगठित छन्। जिल्ला संघमा आफ्नो निजी स्वामित्वमा वन्यस्रोत भएका किसानहरु आवद्ध हुने क्रम जारी छ। संघका अनुसार हालसम्म ३४१ किसानहरु आबद्ध भइसकेका छन् । स्थानीय तह, जिल्ला र प्रदेशस्तरमा विभिन्न अन्तर्क्रिया, छलफलका माध्यमबाट पारिवारिक निजी वनका मुद्दाहरूलाई सम्बोधन गर्न सरोकारवाला निकायलाई दबाब दिइरहेको एफोनका केन्द्रीय उपाध्यक्ष एवं कर्णाली प्रदेश इञ्चार्ज ऋषि अधिकारी बताउनुहुन्छ । राज्यले पारिवारिक निजी वन किसानलाई लक्षित गरेर कृषि, वन पैदावरमा आधारित उद्यमशीलता एवं आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न सके गरिबी निवारणमा टेवा पुग्ने उहाँको भनाइ छ । एफोनले कर्णालीका आठ जिल्लामा पारिवारिक निजी वन संघको सञ्जाल विस्तार गर्नुका साथै किसानहरूलाई पारिवारिक निजी वन, यसका फाइदा र कानुनी प्रावधानबारे जागरूक गराउन थालेको छ। एफोनले कर्णालीका आठ जिल्लामा पारिवारिक निजी वन संघको सञ्जाल विस्तार गर्नुका साथै किसानहरूलाई पारिवारिक निजी वन, यसका फाइदा र कानुनी प्रावधानबारे जागरूक गराउन थालेको छ ।

**नीतिगत र कानुनी अस्पष्टताले निजी वनले हुनेखाने किसानलाई सम्बोधन गरेको एफोनको आरोप छ । यसको परिभाषा नै बदल्नुपर्ने माग छ किसानको । निजी वनको परिभाषाले पारिवारिक निजी वनलाई समेट्न नसकेको किसानहरु बताउँछन् ।**

### कानुनी अस्पष्टता

किसानले आफ्नो जमिनमा उत्पादित तथा संरक्षित वन पैदावर तथा जडीबुडीहरूको प्रयोग, ओसारप्रसार गर्न र व्यवसाय सञ्चालन गरी लाभ लिन किन सकिरहेका छैनन् भन्ने विषय पेचिलो बन्दै गएको छ । एफोनका केन्द्रीय उपाध्यक्ष अधिकारीका भनाइमा झन्झटिलो कानुनी प्रक्रिया, नीतिगत अस्पष्टता एवं अवरोध तथा सम्बन्धित निकायको नियन्त्रणमुखी व्यवहार नै मुख्य कारण हो ।

उहाँका अनुसार पारिवारिक निजी वन दर्ताका लागि समेत उपयुक्त कानुनी व्यवस्थाको अभाव छ । जसले गर्दा किसानहरु अलमलमा परेका छन् । त्यसैले गर्दा मुलुकमै हालसम्म तीन हजार ७५३ वटा पारिवारिक वन मात्र दर्ता भएका छन् । कर्णालीमा पनि अधिकांश वन क्षेत्र साना किसानहरूले संरक्षण गरिरहेका छन्, ती दर्ताविहीन अवस्थामा छन् ।

यद्यपि, वन ऐन २०७६ मा २६ प्रजातिका रूखहरु किसानले आफ्नो बारीमा सजिलै हुर्काउन सक्छन् र निर्वाध रूपले उपयोग गर्न सक्ने व्यवस्था गरेको छ । तर वन ऐन कार्यान्वयन गर्ने तल्लो निकाय डिभिजन वन कार्यालयले कानूनको पूर्ण पालना नगर्दा किसानले व्यवहारिक कठिनाइ पनि उत्तिकै भोग्नुपरेको छ । पारिवारिक निजी वन किसानहरु राज्य संयन्त्रको असहयोगी कार्यशैलीले यस्तो अधिकार प्रयोग गर्न नपाएको बारम्बार गुनासो गर्दै आएका छन् ।

पारिवारिक निजी वन किसानले कानुनी र व्यवहारिक गरी दुई थरी समस्या भोग्नुपरेको छ । कर्णाली प्रदेशमा विगत चार वर्षदेखि यसका अभियन्ताहरूले वन संरक्षण, यसबाट हुने फाइदाहरु, वनसँग सम्बन्धित ऐन कानून, नीति नियमका बारेमा प्रदेश सरकार, डिभिजन वन कार्यालय र स्थानीय तहसँग सहभागिता मूलक छलफल गर्दै आए पनि ठोस सम्बोधन हुन सकेको छैन । नीतिगत र कानुनी अस्पष्टताले निजी वनले हुनेखाने किसानलाई सम्बोधन गरेको एफोनको आरोप छ । यसको परिभाषा नै बदल्नुपर्ने माग छ किसानको । निजी वनको परिभाषाले पारिवारिक निजी वनलाई समेट्न नसकेको किसानहरु बताउँछन् ।

प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा कृष्णप्रसाद आचार्यले वन कर्मचारीहरूमा बुझाइले समस्या सिर्जना गरेको बताउनुहुन्छ। "कानून कार्यान्वयनमा कडाइ नगर्दा वन विनाश हुने खतरा रहन्छ, त्यसैले वन पैदावर एक जिल्लाबाट अर्को जिल्ला लैजाँदा सम्बन्धित डिभिजन वन कार्यालयको अनुमति र एक स्थानीय तहबाट अर्कोमा लैजाँदा स्थानीय तहको सिफारिस आवश्यक पर्छ," सचिव डा आचार्यले भन्नुभयो, "फिल्डमा जाँदा कर्मचारीलाई पारिवारिक वनसम्बन्धी बुझाउन सकिएको छैन।" उहाँ रूख कटान र निकासीलाई कडाइ नगरे वन संरक्षणमा चुनौती थपिने बताउनुहुन्छ ।

प्रदेश सरकारले संघीय वन ऐनअनुसार प्रदेश वन ऐन निर्माणको तयारीमा जुटेको छ । उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री नन्दसिं बुढा पारिवारीक निजी वन सङ्घ नेपालका प्रतिनिधिहरूको भावना सम्बोधन गर्ने गरी प्रदेशले कानून निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुहुन्छ । "कानुनी अस्पष्टताले वन किसान मर्कामा छन्, संघीय कानूनको मर्म अनुसार प्रदेशले ती अन्यौललाई हटाउन प्रयास गर्नेछ," मन्त्री बुढाले भन्नुभयो । उहाँले आफू पनि पारिवारिक निजी वन किसान भएकाले यो क्षेत्रको समस्याबारे जानकार भएको बताउँदै भन्नुभयो, "नीति निर्माणमा एफोनको सहभागिता सुनिश्चित हुने र संघीय कानून नबाझिने गरी प्रदेशले वन नीति र ऐन निर्माण गर्छ ।" पारिवारीक निजी वनलाई आयआर्जनको माध्यम बनाउन प्रदेश सरकारले फलफूल तथा जडीबुटी खेतीलाई प्रोत्साहन गरेको उहाँको भनाई छ । रासस

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
कर्मयोगले भविष्यको बाटो समाउनेछ । मिहिनेतले काममा सफलता दिलाउनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । केही समय लागे पनि नयाँ काम प्रारम्भ हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
दिगो आम्दानी हुने काम फेला पार्न सकिनेछ । आस मारेको कामले उत्साह जगाउनेछ ।

**सिंह** (मा,मी,मु,मे,मो,टा,टी,टु,टे)
अवसरका लागि दौडधुप गर्नुपर्ला। विवादास्पद जिम्मेवारी आइलाग्न सक्छ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
व्यापारमा फाइदाको स्रोत पहिल्याउन सकिनेछ। भने मिहिनेतले कार्य सम्पादन हुनेछ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ । दिगो फाइदा हुने काम प्रारम्भ होला।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
यत्न गर्दा व्यापार बढ्नुका साथै व्यवसायमा लाभ हुनेछ । शरीरमा कमजोरी अनुभूति हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
सानातिना काममा अलमलिनाले मुख्य काम रोकिन सक्छ । अरूको फाइदाका लागि उपयोग भइएला।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
नयाँ साथीभाइ भेटिनेछन्। सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ ।



**बाढीपहिरो पीडितलाई राहत** : तनहुँको शुक्लागन्डकी नगरपालिकाले वडा नं. ६ का बाढीपहिरो पीडितलाई राहत रकम हस्तान्तरण गर्दै । नगरपालिकाले बाढीपहिरोले पूर्ण क्षति भएका विभिन्न वडाका पीडितहरूलाई राहत रकम वितरण गर्न सुरूगरेको छ । *तस्विर : भञ्ज्याङ*

# भारतमा कोरोना संक्रमित ७७ लाख, एक लाख १६ हजारको मृत्यु

♦ **रासस/एएनआई** (नयाँदिल्ली)

भारतमा विगत २४ घण्टामा कोरोना भाइरसबाट थप ५५ हजार ८३८ जना नयाँ संक्रमित भेटिएका छन् । यो सहित भारतमा कूल संक्रमितको संख्या ७७ लाख पुगेको छ । भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा हाल ७ लाख १५ हजार ८१२ जना सक्रिय संक्रमित अवस्थामा रहेका छन् । विगत २४ घण्टामा ७०२ जनाको कोभिड–१९ को संक्रमणबाट मृत्यु भएको छ ।

भारतमा कोभिड–१९ को संक्रमणबाट कूल मृत्यु भएका व्यक्तिको संख्या एक लाख १६ हजार ६१६ जना पुगेको छ । मन्त्रालयले भारतमा कूल जनसंख्यामा संक्रमित हुने व्यक्तिको अनुपात विश्वमै सबैभन्दा न्यून रहेको पनि जनाएको छ । साथै कोरोना संक्रमितको मृत्यु हुने औसत दर समेत विश्वका अन्य मुलुकको भन्दा कम रहेको मन्त्रालयले जनाएको छ ।

भारतमा विगत सात दिनको तथ्याङ्क विश्लेषण गर्दा प्रति दश लाख व्यक्तिमा विश्वमा ३२१ जनामा कोरोना संक्रमण देखिएकामा भारतमा २९७, ब्राजिलमा ६९२, स्पेनमा ८१९ र संयुक्तराज्य अमेरिकामा एक हजार १९५ मा कोरोना देखिएको छ ।

यसैगरी विश्वमा प्रति दश लाख जनसंख्यामा औसतमा १४३ जनाको मृत्यु भइरहेकामा भारतमा ८४, रसियामा १६९, फ्रान्समा ५११, बेलायतमा ६४४ र संयुक्तराज्य अमेरिकामा ६६० जनाको मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ ।

भारतीय महाराष्ट्र राज्य कोरोना संक्रमणको सबैभन्दा उच्च जोखिममा रहेको छ । यहाँ ४२ हजार ६३३ जनाको मृत्यु भइसकेको छ भने १४ लाख १५ हजार व्यक्ति निको भएका छन् । कर्नाटक राज्यमा एक लाख व्यक्ति सक्रिय संक्रमित रहेकामा ६ लाख ७१ हजार निको भएका छन् भने १० हजार ६९६ जनाको मृत्यु भएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषदले हालसम्म ९ करोड ८७ लाख नमूना परीक्षण गरेको जनाएको छ ।

'विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली, तनहुँ । गण्डकी प्रदेश, नेपाल

**नगरबासीमा अनुरोध**

कोभिड–१९ को संक्रमण दिनानुदिन बढिरहेको र यस नगरपालिकाका केही कर्मचारीहरूमा समेत संक्रमण देखिएको हुँदा मिति २०७७/०७/१२ देखि २०७७/०७/१४ सम्म सम्पूर्ण वडा कार्यालयहरू र यस नगरपालिका कार्यालयबाट प्रवाह हुँदै आएको अत्यावश्यक सेवा बाहेकको सेवाहरू बन्द गर्ने भनि नगर कार्यपालिकाको मिति २०७७/०७/०५ गतेको बैठकबाट निर्णय भएको हुँदा उल्लेखित ३ दिन सम्पूर्ण वडा कार्यालयहरू र व्यास नगरपालिका कार्यालय बन्द रहने व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

विजया दशमी तथा शुभ दिपावलीको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. मान बहादुर श्रेष्ठ**
**दियालो स्टोर्स एण्ड अण्डा सप्लायर्स**
व्यास–४, बागबजार, दमौली, तनहुँ ।
**हाम्रो सेवाहरू :** फोन : ०६५–५६१२८२, ९८५६०६०२६१, ९८१४१५५५२८
अण्डा, दाना तथा चल्लाको थोक तथा खुद्रा सुपथ मूल्यमा पाईन्छ

विजया दशमी तथा शुभ दिपावलीको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**मित्रता स्वास्थ्य क्लिनिक**
व्यास–३, अनसन चौतारी, दमौली, तनहुँ ।
**हाम्रा उपलब्ध सेवाहरू :** फोन : ०६५–५६२६०७, ९८४१४७९०५८
दैनिक बिरामी जाँच, प्रसुती सेवा तथा स्त्रीरोग विशेषज्ञ सेवा, नेवुलाइजर (बाफ), प्याथोलोजी सेवा(Lab) ड्रेसि, परिवार नियोजन परामर्श सेवा, X–Ray, भिडियो X–Ray, EGG सेवा, माइनर अप्रेशन फार्मेसी सेवा साथै अन्य सेवाहरू र उचित परामर्श ।

**के तपाई सुपथ मूल्यमा गुणस्तरीय हार्डवेयरका सामाग्रिको खोजीमा हुनुहुन्छ ? अब हामीलाई**

**प्रो. कृष्ण अधिकारी** **प्रो. विरेन्द्र पौडेल**
०६५-५९०१११, ९८०१३०३००९ ९८४६२४३४१०, ९८४६३७१७६५

**होम हार्डवेयर प्रा.लि.**
न्यास–२, वागबजार, दमौली, तनहुं

**हाम्रा सेवाहरू**
१) एशियान पेन्टस । २) प्लाई एभरेष्ट डोर्सको तनहुं, लमजुङ, गोरखाको मुख्य खुद्रा तथा होलसेल बिक्रेता । ३) विजुली तथा वाइरिङ्का सामानहरू। ४) बेनेकार्डो ब्राण्डका वाथरूम फिटिङ्स् एण्ड सेनेटरीका सम्पूर्ण सामानहरू

**हार्डवेयरका सामाग्रि खरिदमा विशेष छुटको व्यवस्था**

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यही कात्तिक २२ गते शनिबार**

१) काठमाडौं वीर अस्पताल वा ट्रमा सेन्टरमा लामो समय रहनु भएका तर हाल पोखरा गण्डकी अस्पतालमा कार्यरत वरिष्ठ सर्जन, हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. झपिन्द्र पोखरेल**द्वारा स्वास्थ्य परिक्षण।
२) पोखरा मणिपाल फेवासिटी हस्पिटलका वरिष्ठ यौन, छाला तथा कुष्ठ रोग विशेषज्ञ **डा. बिनम्र बस्नेत**द्वारा स्वास्थ्य परिक्षण ।
३) पोखरा मणिपाल फेवासिटी हस्पिटलका वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागु औषध रोग विशेषज्ञ **डा. जय बहादुर खत्री**द्वारा स्वास्थ्य परिक्षण ।

**समाजिक दुरी कायम गरी उपचार सेवा दिइने छ ।**

**हाम्रा उपलब्ध सेवाहरू :**
१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याब:–** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :–** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**
**व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६१५७८, ९८४६०६२४६५**

त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त

**आदिकवि भानुभक्त क्याम्पस**
विश्वविद्यालय अनुदान आयोग, नेपालबाट गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) मान्यता प्राप्त
व्यास–१, विज्ञानचौर, भादगाउँ, तनहुँ । फोन : ०६५–५६००९६

**कक्षा ११ को वार्षिक परीक्षा सम्बन्धी अत्यन्त जरूरी सूचना**

वि.सं. २०७७ सालको कक्षा ११ को नियमित, ग्रेड वृद्धि एवं आंशिक विद्यार्थीहरूको वार्षिक परीक्षा मिति २०७७ कार्त्तिक १९ गते दिउँसो १ बजेदेखि शुरू हुने व्यहोरा सम्बन्धित सबै परीक्षर्थीहरूलाई सूचित गरिन्छ।

**समय तालिका**

**परीक्षा सञ्चालन समय :** दिवा समय १:०० देखि ४:०० बजेसम्म

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| 1 | 2077/07/19 | Compulsory English (002) |
| 2 | 2077/07/21 | Physics (110)<br>Introduction To Education (134)<br>Sociology (172)<br>Economic (126) |
| 3 | 2077/07/23 | Biology (114)<br>Computer Science (130)<br>Business Study (328)<br>OPT. English (132)<br>OPT. Nepali (132)<br>Biology Education (194) |
| 4 | 2077/07/25 | Linguistics (180)<br>Physics Education (192)<br>Population Education (146)<br>Accountancy (124)<br>Mathematics (116) |
| 5 | 2077/07/26 | Compulsory Nepali (003) |
| 6 | 2077/07/27 | Chemistry (112)<br>Instructional Pedagogy (136) |

**क्याम्पस प्रमुख**




"रूख रोपौं, हरियाली बढाऔं"

२०७७ सालको बडादशैं, दिपावली, नेपाल सम्बत, छठ लगायत सम्पूर्ण चाडपर्वहरूको पावन अवसरमा समस्त नेपालीहरूमा सु–स्वास्थ, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

वन क्षेत्र आसपासका गाउँबस्तिमा चितुवा, भालु जस्ता वन्यजन्तुल आक्रमण गरी जनधनको क्षति पुऱ्याउन सक्ने सम्भावना रहेको हुँदा विशेष गरी साँझ र बिहान स्थानीय बासिन्दाहरूले घर वरपर अग्ला घाँस र झाडीहरू सफा गरी उज्यालोको व्यवस्था मिलाई आफू लगायत बालबच्चाको सुरक्षाका लागि उच्च सतर्कता अपनाऔं ।

**कोमलराज काफ्ले**
डिभिजन वन अधिकृत एवं
**डिभिजन वन कार्यालय तनहुँ परिवार**

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७७ कात्तिक ०७, शुक्रबार
October 23, 2020

# बडादशैं पर्व सुरू भएसंगै ........

समयमा अनावश्यक घुमफिर नगर्न, अत्यावश्यक काममा बाहेक घरबाट बाहिर ननिस्कन तनहुँका स्थानीय तहहरूले नागरिकलाई सचते गराउँदै आएपनि यसको पूर्णरूपमा कार्यन्वयन भएको भने देखिदैन ।

यस्तै, सरकारले पीसीआर परीक्षण तथा संक्रमितले आफ्नो उपचार आफै गर्ने निर्देशन जारी गरेपनि तनहुँको व्यास नगरपालिकाले भने आफ्नो क्षमताले भ्याएसम्म नगरबासिको पीसीआर परीक्षण निःशुल्क गर्ने योजना बनाएको छ । सरकारको यो निर्णय स्थानीय तहले कार्यान्वयन गर्न कठिन भएको हुँदा को गरिब, को धनि सबैको समान रूपमा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने योजना बनाएको नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताए।

रोटरी क्लवले व्यास नगरपालिकालाई उपलब्ध गराएको पीसीआर मेशीन सञ्चालनका लागि दमौली अस्पताल तयार भए उपलब्ध गर्ने र यदि त्यो भएन भने आवश्यक भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गरी मेशीन सञ्चालनमा ल्याउने विषयमा विज्ञहरूसंग पनि छलफल भइरहेको नगरपालिकाले जनाएको छ ।

तनहुँमा व्यापारी, व्यवसायी, बैंक तथा वित्तीय क्षेत्रमा कार्यरत, स्वास्थ्यकर्मी, भिडभाडमा गएका, जिल्ला बाहिरबाट आएका नागरिकहरूमा कोरोना भाइरस संक्रमण बढि देखिएको छ । जिल्लामा हालसम्म ७२५ जनामा संक्रमण पुष्टि भएको छ भने संक्रमित मध्ये ४५५ जना निको भएर घर फर्किएका छन्। कोरोना संक्रमणका कारण एकै परिवारका तीन जना सदस्य सहित १० जनाले ज्यान गुमाएका छन् ।

**एक महिलाको मृत्यु**

कोरोना संक्रमणबाट तनहुँकी एक महिलाको पोखरामा मृत्यु भएको छ। व्यास नगरपालिका-१ की ६८ वर्षीया महिलाको उपचारका क्रममा गण्डकी मेडिकल कलेज, पोखरामा मृत्यु भएको स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ। तनहुँमा यो सहित कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या १० पुगेको छ। यस अघि व्यास नगरपालिकामा ४ जना, भिमाद नगरपालिकामा ३ जना, आँबुखैरेनी गाउँपालिकामा २ जना, म्याग्दे गाउँपालिकामा १ जनाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ ।

**२ दिनको बालकमा संक्रमण**

स्वास्थ्य निर्देशनालयले विहीबार सार्वजनिक गरेको विवरणमा तनहुँका दुई दिने नाबालकलाई कोरोना संक्रमण पुष्टि भएको जनाइएको छ। व्यास नगरपालिका-१४ का दुई दिने नाबालकलाई कोरोना संक्रमण पुष्टि भएको हो । विहीबार यी नाबालक सहित १० जनामा संक्रमण पुष्टि भएको छ ।

असोज २५ गते नाबालाककी आमालाई संक्रमण पुष्टि भएपछि बच्चाको स्वाब परीक्षण गर्दा बच्चामा पनि संक्रमण देखिएको स्वास्थ्य निर्देशक डा. विनोद विन्दु शर्माले जानकारी गराएका छन् । उनको गण्डकी अस्पतालमा प्रसुती गरिएको थियो ।

त्यस्तै, तनहुँका अन्य ९ जनामा पनि कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य निर्देशनालय पोखराले सार्वजनिक गरेको विवरणमा लाईफ केयर डाईग्नोस्टिक एण्ड रिसर्च सेन्टर प्रा.लि. पोखराको प्रयोगशालामा गरिएको परीक्षणमा तनहुँका ४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । जसमा भिमाद ६ का ३७ पुरूष र भिमाद ८ का ६२ पुरूष, व्यास ५ का ३६ वर्षीय पुरूष र शुक्लागण्डकी ४ का २७ वर्षका पुरूषमा संक्रमण पुष्टि भएको छ । क्षयरोग उपचार केन्द्र पोखरामा गरिएको परीक्षणमा म्याग्दे गाउँपालिकाका ३ का २६ वर्षीया महिला र म्याग्दे ६ का ४३ वर्षीय पुरूषमा संक्रमण पुष्टि भएको छ। निर्देशनालयका अनुसार भरतपुर अस्पतालमा गरिएको परीक्षणमा ऋषिङ गाउँपालिका १ का ३३ वर्षीय पुरूष, व्यास ८ का ४० वर्षीय पुरूष र शुक्लागण्डकीका २७ वर्षीय पुरूषमा पनि संक्रमण पुष्टि भएको छ ।

## facebook twitter

**दिपक शर्मा मरासिनी**
twitter.com/maraseni15v
जीवन सजिलो छैन, यस्तै जिन्दगीको बानि पार ! जीवन अरूले तयार पारि दिएर प्रयोग गर्न रेडि भएको सामान जस्तो हुदैन जो सजिलै प्रयोग गर्न सकिन्छ । जीवन दुख कस्ट र समस्याले भरिएको हुन्छ, जीवनबाट असन्तुष्ट हुनुको सट्टा यसलाई स्वीकार गर्न उत्तम हुन्छ ।

**मोहन प्रसाद मैनाली**
twitter.com/mohanmainali
'रोग लागेको बेला, बिपतको समयमा, अनिकाल आइपर्दा, दुश्मनबाट आक्रमण हुने बेलामा दरबारमा वा मसानघाटमा पनि जो साथै रहन्छ त्यो नै साँचो मित्र हो' भनेर बुढापाकाहरूले भन्ने गरेका छन् ।

**दुर्गा सापकोटा**
twitter.com/SapkotaSubedi
जिवनका सबै रंगहरू भोग्नु पर्छ मान्छेले हासो मात्रै खोज्नु हुदैन हासो मात्र खोज्ने हो भने ठुलो गल्ति हुन्छ किनकी जिवन भनेको त आँशु हासो पिडा सफलता बिफलता सबै हो त्यसैले यि सबै रंगहरूलाई स्वीकार्नु पर्छ ।

**उप्रेती निता**
twitter.com/UpretiNita
हरेक व्यक्ति गलत पक्कै हुँदैनन् तर म नै सहि छु भनेर जिकिर गर्नु अहमता हो आफ्नो कार्यको विश्लेषण आफै गर्नुपर्छ गल्ति र कमजोरीलाई पनि स्विकार्न सिक्नुपर्छ ।




## हार्दिक समवेदना



जन्म २००३/०३/०७
स्वर्गारोहण २०७७/०६/२४

**स्व. कृष्ण कुमार श्रेष्ठ**

तनहुँ उद्योग वाणिज्य संघ **भिमाद बजार इकाईका संस्थापक सभापति कृष्ण कुमार श्रेष्ठ**को असामयिक निधनले हामीलाई मर्माहत बनाएको छ । आज परेको पुण्यतिथिमा दिवंगत आत्मको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**तनहुँ उद्योग वाणिज्य संघ**
दमौली, तनहुँ ।

"हामी तपाईको सपनालाई यथार्थमा बदल्छौं"
व्यास इन्टरप्राइजेज
BYAS ENTERPRISES VYAS-1, DAMAULI, TANAHUN ESTD: 2076
व्यास नगरपालिका-३, दुर्गा मन्दिर लाइन, दमौली, तनहुँ
◆ रंग ◆ निर्माण औजार तथा सामाग्रि ◆ जनशक्ति
व्यास ईन्जिनियरिङ्ग कन्सल्टेन्सी
BYAS ENGINEERING CONSULTANCY DAMAULI, TANAHUN ESTD: 2073
व्यास नगरपालिका-३, सफासडक, दमौली, तनहुँ
(तपाईको घरको नक्शा बनाउने ठाउँ)
◆ डिजाईन ◆ लागत ईष्टिमेट ◆ मूल्याङ्कन ◆ जग्गा विकास ◆ निर्माण
व्यास ईन्जिनियरिङ्ग : ०६५-५६२७८०, मो. : ९८५६०७९२१५, ९८५६०५५२६३, जे एस व्यास : ०६५-५९०७८०
WE OFFER FOR YOU
Building Construction
Repair and Renovate
Experienced Engineers and Labour
Plumbing/Sanitary
Colouring
Hardware
/@Byasengineering
byasengineering@gmail.com
Vyas-03, Damauli, Tanahun

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४